क.र.का. द.न.: १३८५३-०६२/०६३; प्यान: ३०२१७८८६५

# बाराही हाइड्रोपावर पब्लिक लि.
# Barahi Hydropower Public Ltd.

च. न.: १६८-०८३/८४ मितिः २०८३/०७/२७

**श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,**
**सिंहदरबार प्लाजा, काठमाडौं**

विषयः आ.व. २०८३/०८४ को पहिलो त्रैमासिक अपरिस्कृत वित्तीय विवरण प्रकाशन सम्बन्धमा

उपरोक्त सम्बन्धमा यस बाराही हाइड्रोपावर पब्लिक लि. को .व. २०८३/०८४ को असोज मशान्तसम्मको पहिलो त्रैमासिक अपरिस्कृत वित्तीय विवरण(Un-audited Financial Report) तहांको जानकारीको लागि पेश गर्दछु । साथै उक्त अपरिस्कृत वित्तीय विवरण(Un-audited Financial Report) नयाँ पत्रिका राष्ट्रीय दैनिकमा मिति २०८३/०७/२२ गते आइतवार प्रकाशन गरिने व्यहोरा जानकारीको लागि अनुरोध गर्दछु ।

भवदीय

.....

कला देवी आचार्य
कम्पनी सचिव

# Barahi Hydropower Public Limited

Babarmahal, Kathmandu, Nepal, Tel: 4370778

Email: barahi.hydro@gmail.com, Website: www.barahihydropower.com.np

कम्पनीको व्यापारिक उत्पादन परिक्षण सम्पन्न भएको मिति २०७५/०२/३० गतेबाट मिति २०८३/०७/०१ (१२:०० वजे) सम्मको जम्मा उत्पादन ४ करोड ५९ लाख ३० हजार ३ सय ५० युनिट रहेको छ। आ.व. २०८३/०८४ को पहिलो त्रैमासिक अवधिमा विद्युत उत्पादन सम्बन्धि विवरण यसप्रकार रहेको छ।

| आर्थिक वर्षको पहिलो त्रैमासिक अवधिसम्मको जम्मा विद्युत उत्पादन (यूनिटमा) | | विद्युत उत्पादन सम्बन्धि तुलनात्मक विवरण (यूनिटमा) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | आर्थिक वर्ष (२०८३/०८४) | | | आर्थिक वर्ष (२०८२/०८३) | | |
| आ.व. २०८३/०८४ | आ.व. २०८२/०८३ | साउन | भदौ | आश्विन | साउन | भदौ | आश्विन |
| २७,७१,१७० | २७,५५,२८० | ९,३१,३९० | ९,३९,१५० | ९,००,६३० | ८,८७,९५० | ९,२८,३२० | ९,३९,०१० |

यस कम्पनीले विद्युत खरिद बिक्री सम्झौताको बुँदा नं. १२ अनुसार विद्युत प्राधिकरणबाट व्यापारिक उत्पादन सुरु भएको मिति २०७५/०३/२४ देखि आयोजनाबाट उत्पादन गराएको उर्जाको आधार खरिद दर वर्षा याममा रु. ४.०० (प्रति युनिट) र सुख्खायाममा रु. ७.०० (प्रति युनिट) रहेको छ। व्यापारिक उत्पादन शुरु भएको मितिलाई आधार वर्ष मानी त्यस पछिका प्रत्येक आर्थिक वर्षका लागि ३ प्रतिशतका दरले ९ पटकसम्म मूल्य बृद्धि हुने र सो मूल्य बृद्धि हरेक वर्ष श्रावण १ गते देखि लागु हुने व्यवस्था रहेको छ। आ.व. २०८३/०८४ मा कम्पनीलाई नवौं मूल्य बृद्धि लाग भएको छ। यस आ.व. २०८२/०८३ मा वर्षा याममा रु. ५.०८ (प्रति युनिट) र सुख्खा याममा रु. ८.८९ (प्रति युनिट) बिक्री मूल्य रहेको छ। वर्षा याम भन्नाले बैशाख देखि मङ्सिरसम्म (८ महिना) र सुख्खा याम भन्नाले पौष देखि चैत्रसम्म (४ महिना) को अवधिलाई बुझाउँदछ। ठेउले खोला जलविद्युत आयोजनाको वार्षिक करार उर्जा शक्ति ८२,१७,६३६ यूनिट रहेको छ।

# Barahi Hydropower Public Ltd.

## Unaudited Statement of Financial Position

### For The Period Ended 31st Ashwin, 2083

**Figures in NPR**

| Particular | 31st Ashwin, 2083 | 31st Ashwin, 2082 |
|---|---|---|
| **Assets** | | |
| **Non Current Assets** | | |
| Property, Plant and Equipment | 599,594 | 311,546 |
| Intangible Assets | 280,781,182 | 293,585,067 |
| Investment | 1,222,000 | 1,222,000 |
| Deferred Tax Assets | | - |
| **Total Non-Current Assets** | **282,602,776** | **295,118,613** |
| **Current Assets** | | |
| Inventories | 5,083,871 | 9,718,722 |
| Trade and other receivables | 29,545,173 | 41,901,990 |
| Advance, Prepaid and Deposits | 39,949,569 | 27,728,595 |
| Bank and cash equivalents | 1,789,604 | 3,025,369 |
| **Total Current Assets** | **76,368,218** | **82,374,676** |
| **Total Assets** | **358,970,994** | **377,493,289** |
| | | |
| **Equity** | | |
| Share Capital | 250,000,000 | 250,000,000 |
| Reserves | (124,057,025) | (118,247,527) |
| **Total Equity** | **125,942,975** | **131,752,473** |
| **Liabilities** | | |

| | | |
|---|---|---|
| **Non Current Liabilities** | | |
| Loans and Borrowings | 180,393,202 | 227,194,338 |
| Deferred Tax Liabilities | | - |
| **Total Non-Current Liabilities** | **180,393,202** | **227,194,338** |
| **Current Liabilities** | | |
| Loans and borrowings | 46,812,695 | 1,634,353 |
| Trade and other payables | 2,559,465 | 2,216,885 |
| Income Tax Liability | | - |
| Employee Benefits Payable | 3,262,657 | 2,660,988 |
| Provisions | - | 12,034,252 |
| **Total Current Liabilities** | **52,634,816** | **18,546,478** |
| **Total Liabilities** | **233,028,018** | **245,740,816** |
| **Total Equity and Liabilities** | **358,970,994** | **377,493,289** |

# Barahi Hydropower Public Ltd.

## Staement of Income and Other Comprehensive Income

**For The Period Ended 31st Ashiwn 2083**

**Figures in NPR**

| **Particular** | **31st Ashwin, 2083** | **31st Ashwin, 2082** |
|---|---|---|
| Revenue from Operations | 14,466,664 | 14,637,927 |
| Other Income | 3,954 | - |
| | | |
| Operating Expenses | 1,237,809 | 1,290,559 |
| Administrative Expenses | 663,510 | 1,248,778 |
| Depreciation Expenses | 23,400 | 11,690 |
| Amortization Expenses | 3,158,105 | 3,158,105 |
| **Profit From Operations** | **9,387,792** | **8,928,795** |
| Finance Costs | 2,908,608 | 3,000,964 |
| **Profit Before Tax** | **6,479,184** | **5,927,831** |
| Income Tax Expense | | - |
| - Current Year Tax Expense | | - |
| - Deferred Tax Expense | | - |
| **Net Profit for the Period** | **6,479,184** | **5,927,831** |
| **Other Comprehensive Income** | | |
| Amortization portion on revalued land | **(171,465)** | **(171,465)** |
| **Other Comprehensive Gain/(loss) for the year, net of tax** | **(171,465)** | **(171,465)** |
| **Total Comprehensive Gain/(loss) for the period, net of tax** | **6,307,719** | **5,756,366** |

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३, अनुसूची-१४(नियम २६ को उपनियम १ संग सम्बन्धित)

### आ.व. २०८३/०८४ को पहिलो त्रैमासिक अवधि( आश्विन मसान्तसम्म) को विवरण

**१. वित्तिय विवरण:**

(क) आ.व.२०८३/०८४ को पहिलो त्रैमासिक अवधिसम्मको वासलात, नाफा-नोक्सान सम्बन्धि विवरणहरु यसै साथ संलग्न गरिएको छ ।

(ख) प्रमुख वित्तिय अनुपातहरू सम्बन्धी विवरण :

**प्रतिशेयर आम्दानी त्रैमासिक (EPS): २.५९ ; मुल्य आम्दानी अनुपात: १५६.६६ ; प्रतिशेयर नेटवर्थ: ५०.३८; प्रतिशेयर कुल सम्पत्तिको मूल्य: १४३.६०; तरलता अनुपात सम्बन्धी विवरण : १.४५;**

**२. व्यवस्थापकीय विश्लेषण:**

(क) यस कम्पनीले २०७५ असार २४ बाट व्यापारिक उत्पादन गरी नियमितरुपमा विद्युत बिक्री गर्दै आएको छ । बिद्युत बिक्री मार्फत प्राप्त हुनुपर्ने रकम नेपाल विद्युत प्राधिकरणबाट नियमितरुपमा सहवित्तियकरणको नेतृत्वकर्ता बैङ्कको खातामा भुक्तानी भइरहेको छ ।

(ख) आ.व. २०८३/०८४ मा नेपाल विद्युत प्राधिकरणको प्रसारण लाइनमा हुने विच्छेदन र अनावृष्टिले आयोजनाको उत्पादनमा कमी आएको छ । उत्पादन व्यवस्थापनको विश्लेषण गर्दै नेपाल विद्युत प्राधिकरणको प्रसारण लाइनमा हुने विच्छेदनलाई न्यूनिकरण गरी अधिकाधिक विद्युत उत्पादन गर्ने योजना रहेको छ । गत आ.व.को पहिलो त्रैमासिक अवधिको तुलनामा यस आ.व.को समिक्षा अवधिमा विद्युत उत्पादनमा ०.५७ प्रतिशतले बृद्धि भएको छ ।

**३. कानुनी कारवाही सम्बन्धी विवरण:**

हालसम्म यस कम्पनीले तथा यस कम्पनी उपर कुनै मुद्दा दर्ता गरेको/भएको छैन । कुनै संस्थापकवा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

**४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:**

धितोपत्र बजारमा यस त्रैमासिक अवधिमा कम्पनीको शेयरको कारोबार नियमानुसार रहेको छ ।

| | | |
|---|---|---|
| अधिकतम मूल्य (रु.): ५२३ | न्यूनतम मूल्य(रु.): ४०० | समीक्षा अवधिको अन्तिम मुल्य(रु.): ४१४ |
| कुल कारोवार संख्या: ३,३०३ | कुल कारोबार दिन: ६१ | कूल कारोबार शेयर संख्या: ३,६६,०५८ |

**५. समस्या तथा चुनौति :**

कम्पनीले बहन गर्नु परेको समस्या तथा चुनौती बजारमा रहेका अन्य कम्पनीहरु सरह नै रहेका छन् । विशेष गरी नेपाल विद्युत प्राधिकरणको प्रसारण लाइनमा हुने विच्छेदन(Tripping/Outage) र अनावृष्टीको कारणले संस्थाको आम्दानीमा प्रत्यक्ष असर परिरहेको छ । नेपाल विद्युत प्राधिकरणको प्रसारण लाइनमा हुने विच्छेदन(Tripping/Outage) को कारणले संस्थालाई आ.व. २०८३/०८४ को पहिलो त्रैमासिक अवधिमा ३,७७,६२४ यूनिट बराबरको उत्पादनमा ह्रास आएको छ । आ.व. २०८३/०८४ को पहिलो त्रैमासिक अवधिमा प्रसारण लाइनमा हुने विच्छेदन(Tripping/Outage) को कारणले वार्षिक करार उर्जाको ४.५९ प्रतिशत र समिक्षा अवधिको करार उर्जाको ११.९९ प्रतिशत बराबरको उत्पादनमा ह्रास आएको छ । कम्पनीमा आईपर्ने आन्तरिक र वाह्य समस्या तथा चुनौतिहरुलाई समय समयमा बस्ने सञ्चालक समितिले समिक्षा तथा निर्णय गरी सोको निराकरणको लागि व्यवस्थापनलाई आवश्यक निर्देशनहरु/परिपत्रहरु दिने गरेको छ ।

**६. संस्थागत सुशासन:**

यस कम्पनिले सुशासन अभिबृद्धिका लागि सदैव उच्च प्राथमिकता राख्दै आएको छ । यस कम्पनीलाई नियामकिय निकायबाट प्राप्त निर्देशन परिपत्रहरु व्यवस्थापनद्वारा तदारुकताका साथ सम्पादन गरी आएको छ ।

**७. सत्य, तथ्य सम्वन्धमा कार्यकारी प्रमुखको उद्घोषण:**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगतरुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जानेबुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचीत गरी निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

BARAHI HYDROPOWER PUBLIC LTD. BHPL 2063